


**Population in China:**
1,800 (1998)
1,880 (2000)
2,320 (2010)
**Location:** Sichuan
**Religion:** Tibetan Buddhism
**Christians:** None Known

## संक्षेप:

**अन्य नामहरू:**

**जनसंख्या:**

चीन : २,७००

(PeopleGroups.org)

**भाषा-परिवार:** चीनी-तिब्बती, तिब्बती-बर्मी, चियङ्, अर्शु भाषा

**उपभाषाहरू:** ०

**तिब्बती बुद्ध धर्म:** १००%

**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन




करिब २,५०० देखि ३,००० जना जति मन्याक भाषा बोल्ने मानिसहरू शिचुआन प्रान्तको विकट र कम जनसङ्ख्या भएको पहाडी क्षेत्रमा बसोबास गर्छन्। यिनीहरूको ठीक वासस्थानको बारेमा जानकारी नभए तापनि यिनीहरू सिन्चिन्, यन्युअन, युयेशि, मीयन्निङ्, मूलि, चिव्लोङ् र कन्लुओ भू–भागहरूमा बसोबास गर्ने अर्शु जातिको एक भाग हो।

मन्याक जातिका मानिसहरूलाई आधिकारिक रूपमा तिब्बतीहरूको सूचीमा राखिएका छन्। जोसेप रक सन् १९२० मा मूलिमा पुग्दा यिनीहरूको बारेमा यसरी भन्नुभयो: "संसारमा थोरै मानिसहरूले मात्र चिनिएको ठाउँ यो मूलि राज्य हो। चिनियाँहरूले यिनीहरूलाई शिफन अथवा पश्चिमी जङ्गलीहरू भनी चिन्छन्। यो राज्यको बारेमा अथवा यहाँ बसोबास गर्ने मानिसहरूको बारेमा अहिलेसम्म केही कुराहरू लेखिएको छैन। विगतको १०० वर्षहरूभित्र यो बाटो हुँदै गएका युरोपियनहरूको सङ्ख्या एउटा हातको औँलाहरूले गन्न सकिन्छ।"

मन्याकहरू तिब्बतीय बुद्ध धर्मको 'पहेँलो–टोपी' उपधर्मलाई पछ्याउँछन्। यिनीहरूको लुगा सधैँ रातो भए तापनि यिनीहरूले लगाउने औपचारिक पहेँलो टोपीद्वारा यिनीहरू भिन्नै देखिन्छन्। एउटा परिवारमा पाँच जना पुरुषहरू छन् भने त्यसमा दुई जना स्वाभाविक रूपमा लामा हुन्छन्। तीन जना मात्र पुरुषहरू भएको



परिवारमा दुई जना लामा बन्छन् भने, तेस्रोले सन्तान वृद्धि गर्नको लागि धेरै स्त्रीहरूलाई विवाह गर्नु पनि यिनीहरूको परम्परा हो।

मन्याक जाति एकदमै आवश्यकतामा भएको र उद्धार नपाएका जातिहरूमध्ये एउटा जाति हो। प्रायः धेरैले येशूको नाम सुनेका छैनन्। यिनीहरू ख्रीष्टको गवाही सुन्न नपाएर आत्मिक अन्धोपनमा बुद्ध धर्मको बन्धनमा जिइरहेका छन्। यिनीहरूको आफ्नै भाषामा धर्मशास्त्र, सुसमाचारीय रेडियो, येशूको चलचित्र र अन्य कुनै पनि माध्यमहरू नभएकाले यिनीहरूलाई सुसमाचार सुन्न पाउनु गाह्रो छ।